# शैलेश्वरी शक्तिपीठको प्राचीनता तथा पूजापरम्परा

* अर्जुनबहादुर देउबा

***सारसंक्षेप***

*हिन्दु धर्ममा जतिपनि शक्तिपीठको पूजनसँग सम्बन्धित कार्यहरु छन् तिनमा कुनै न कुनै वैज्ञानिक आधारहरु रहेका पाइन्छन् । मानव विकासको सुरुवाती चरणभन्द ।पनि पहिले उत्पत्ति भएको मानिएका यस्ता शक्तिपीठहरु पछिका पुस्ताका लागि केवल आस्था र विश्वासका विषयवस्तुमा मात्र सीमित रहे पनि यिनीहरुमा पूर्व पाषाणकालीन (Paleolithic Age) मानवसंस्कृति निर्माण र उपकरणहरुको प्रारम्भिक आधारशिलासमेत लुकेर रहेको पाइन्छ । त्यसैले यस्ता धार्मिकस्थलहरुको पुरातात्विक उत्खनन र वैज्ञानिकरुपमा ऐतिहासिक अध्ययन परीक्षण गर्ने हो भने नेपालमा विभिन्न भागमा पूर्व पाषाणकालीन मानवले प्रयोग गरेका ढुङ्गेऔजारहरु भेटिनसक्ने संभावना समेत रहेकोले यस लेखमा माता शैलेश्वरीको प्राचीनतालाई मानवउत्पत्तिको इतिहाससँग जोडेर हेर्ने प्रयास गरिएको छ ।*

**विषयप्रवेशः**

डोटी जिल्लाको सदरमुकाम सिलगढीको मध्यभागमा अवस्थित धार्मिक शक्तिपीठको नाम हो शैलेश्वरी शक्तिपीठ । नेपालका प्रमुख धार्मिक स्थलहरुमध्ये एक यो शक्तिपीाठको उत्पत्ति,स्थापना तथा पूजापरंपरा बारे विभिन्न पौराणिक व्याख्या, धार्मिक मान्यता र किंवदन्ति रहेका छन् । प्राचीनकालदेखि आजसम्म यस शक्तिपीठले यहाँका विविध जातजाति तथा क्षेत्रका मानिसहरुलाई सामाजिक सद्भाव, आपसी मेलमिलाप र एकतामा बाँध्न महत्वपूर्ण योगदान दिएको पाइन्छ । यहाँदेखि सातसमुद्रपारसम्म रहेका शैलेश्वरीका बरेलावासी र सिलगढीवासीहरु भगवतीको जाँत ( विशेष पूजा लाग्ने मेला) मा सम्भव भएसम्म आफै उपस्थित भएर नभए पूजासामग्री पठाएर भएपनि देवीप्रति आफ्नो श्रद्धाभाव अभिव्यक्त गर्दछन् । उनीहरु हाल जो जहाँ जुन अवस्थामा सफलता प्राप्त गरी पुगेकाछन् त्यसको पछि कुनै न कुनै रुपमा माता शैलेश्वरीको कृपादृष्टि रहेको विश्वास गर्दछन् र भविष्यमा पनि माताको कृपादृष्टिकोलागि अनुनय विनय गरिरहन्छन् । यसक्षेत्रका जनताको यस्तो अगाध धार्मिक आस्थाको केन्द्रबिन्दु , सामाजिक एकता, सद्भाव र मेलमिलापको आधार तथा आर्थिक समृद्धिको सम्भावना बोकेको यस पवित्र क्षेत्रको जुन रुपमा अध्ययन, अनुसन्धान र प्रचारप्रसार हुनुपर्दथ्यो त्यो कतैबाट पनि भए गरेको पाइँदैन । अतः यस आलेखमा हिन्दु धर्मावलम्बीहरुको अगाध आस्था र विश्वास रहेको शैलेश्वरीको उत्पत्ति, प्राचीनता र पूजापरम्पराको सुरुवातबारे केही प्रकाश पार्ने प्रयास गरिएको छ । शैलेश्वरी शक्तिपीठको प्रचार-प्रसार गर्नसके यस क्षेत्रमा धार्मिक तथा पुरातत्व सम्बन्धी रुचि राख्ने पर्यटकहरुलाई आकर्षित गर्नसकिने र त्यसबाट यहाँको आर्थिक तथा सामाजिक विकासमा महत्वपूर्ण सहयोग पुग्नसक्ने प्रवल संम्भावना रहेकोले शैलेश्वरी भगवतीको उत्पत्ति, प्राचीनता र पूजापरम्पराको सुरुवात सम्बन्धी केही जानकारीमूलक संदेश प्रवाह गर्नु यस आलेखको प्रमुख उद्देश्य रहेको छ ।

**उत्पत्ति तथा नामकरण**

**शै**लेश्वरी भगवतीको उत्पत्तिसम्बन्धी विषय पौराणिक भएकोले यिनको उत्पत्ति पनि पुराणमा व्याख्या भए अनुसार नै मान्नुपर्ने देखिन्छ । हाम्रा यस्ता धार्मिक शक्तिपीठहरुको उत्पत्तिबारे ठोस ऐतिहासिक प्रमाणको आधारमा भन्दापनि धार्मिकग्रन्थ वा पुराणहरुमा उल्लेख भए अनुसार व्याख्या गरिएको पाइन्छ । धार्मिक आस्थाका धरोहर रहेका यस्ता पवित्र तीर्थस्थलहरु आधुनिक मानवविकासभन्दा कैयौ वर्ष अगाडि उत्पत्ति भइसकेका हुँदा यिनलाई ऐतिहासिक भन्दापनि पौराणिक कालखण्डका विषयवस्तु मान्नु नै उपयुक्त देखिन्छ । हिन्दु धर्मग्रन्थ तथा पुराणहरुको वैज्ञानिक

ब्याख्या हुन बाँकी नै रहेको भए तापनि यी ग्रन्थहरु विश्वमा प्रचलनमा रहेका अन्य धर्मका ग्रन्थभन्दा पुराना र जेठा मानिन्छन् । अर्थात् हिन्दूधर्मका ग्रन्थहरुलाई अन्य धर्मका जननी मान्दा अत्युक्ति नहोला । आराध्यदेव भगवान पशुपतिनाथको उत्पत्ति, अछामस्थित वैद्यनाथ धामको उत्पत्ति, बाजुरास्थित बडी मालिकादेवीको उत्पत्ति, डडेल्धुरास्थित उग्रतारादेवीको उत्पत्ति, बैतडीस्थित मेलौली भगवतीको उत्पत्ति आदि र यस्तै तमाम शक्तिपीठहरुको उत्पत्तिबारे धर्मशास्त्र, पुराण र किंवदन्तिमा आधारित भएर नै व्याख्या गरिएको पाइन्छ । अन्य ठोस ऐतिहासिक स्रोतहरु उपलब्ध नहुँदासम्म हामीले यिनै पौराणिक ग्रन्थको आधारमा यस्ता धार्मिकस्थलहरुका बारे व्याख्या विश्लेषण गर्नुपर्ने देखिन्छ । हाम्रा यस्ता धर्मग्रन्थहरुले गरेको संकेत तर्फ वैज्ञानिक अध्ययन, अनुसन्धान, चिन्तन, मनन र व्याख्या विश्लेषण गर्ने हो भने हामी हाम्रै वरपर छरिएर रहेका प्राग् ऐतिहासिक कालखण्डका ढुङ्गे औजार तथा अन्य सामग्रीहरु समेत भेट्टाउन सक्ने छौं । खाँचो छ त केवल यी प्राचीन ग्रन्थहरुले संकेत गरे अनुसारको वैज्ञानिक अध्ययन, अनुसन्धान, उत्खनन र प्रयोगको मात्र ।

स्कन्दपुराणमा व्याख्या भएअनुसार माता शैलेश्वरीको उत्पत्ति सत्ययुगमा नै भएको मानिन्छ । जुन युग हिन्दु धार्मिक मान्यताअनुसार मानवसृष्टिको प्रथम युग हो । यो युग आजभन्दा करिब ३८ लाख ९३ हजार वर्ष पहिले सुरु भई २१ लाख ६५ हजार वर्ष पहिले समाप्त भएको मानिन्छ । यस हिसाबले सत्ययुगको भोगावधि १७ लाख २८ हजार वर्ष हुन आउँछ । त्यसपछि क्रमश: त्रेता, द्वापर र कलियुगको शुरुवात भएको मानिन्छ । त्रेतायुगमा भगवान राम र रावणको बिचमा भएको युद्धलाई प्रमुख घटनाको रुपमा पौराणिक ग्रन्थहरुमा व्याख्या गरिएको पाइन्छ । १२ लाख ९६ हजार वर्ष भोग गरेर समाप्त भएको त्रेतायुगपछि प्रारम्भ भएको द्वापरयुग कौरव र पाण्डवहरुबिच भएको महाभारतको युद्धले गर्दा चर्चित र प्रख्यात हुनगएको पाइन्छ । ८ लाख ६४ हजारवर्ष आयु मानिएको द्वापरयुग महाभारतको युद्ध समाप्तिसँगै अन्त्य भएको र त्यसपछि सुरु भएको मानिएको वर्तमान कलियुग बितेको अहिले ५ हजार १ सय १७ वर्षमात्र भएकोछ ।[१] यसरी हिसाब गर्दा माता शैलेश्वरीको उत्पत्ति तत्कालीन चन्दनपर्वत र हालको सिलगढी डाँडामा सत्ययुग अर्थात् आजभन्दा कम्तीमा पनि २१ लाख ६५ हजार वर्ष पहिले भएको पुष्टि हुनआउँछ ।

स्कन्दपुराणको मानसखण्डअन्तर्गत शैलेश्वरी महात्म्यमा उल्लेख भएअनुसार सत्ययुगमा महादेवको विवाह दक्ष प्रजापतिकी छोरी सतीदेवीसँग भएको थियो । सतीदेवीले आफ्नै पिताको यज्ञकुण्डमा हामफाली देहत्याग गरेपछि उनको प्रेममा भावविह्वल भएका महादेव भौतारिँदै पृथ्वीका कुनाकाप्चासम्म लक्ष्यहीन यात्रा गर्नथाले । यसै यात्राका क्रममा उत्तराखण्ड हिमालय पर्वततिर जानलाग्दा हिमालयपुत्री पार्वतीसँग उनको भेट भयो । पार्वतीको सुन्दरता देखेर मोहित भएका महादेवले यिनै पार्वतीमा सतीदेवीको प्रतिबिम्ब देख्नथाले । फलस्वरुप उनले आफ्नो दोस्रो विवाह हिमालयपुत्री पार्वतीसँग गरी सतीदेवीको स्मृति र सम्झना भुलाए । विवाह पश्चात् यो जोडी आफ्नो मधुचन्द्रिका (Hony Moon) समय व्यतित गर्नका लागि पृथ्वीका विभिन्न रमणीय स्थलतर्फ लाग्यो । यसै सिलसिलामा महादेव र पार्वती चन्दननाथ पर्वत अर्थात् हालको सिलगढी डाँडोमा आइपुगे । त्यहाँ पुगेपछि नजिकै बगिरहेको सेती नदीको कंचन जल, चिसो हावा, पालुवाले भरिभराउ वनजंगल, रुखहरुमा लहरिएका लहराहरुको हल्लिने मन्द-मन्द गति तथा चराचुरुङ्गीहरुको चिर्बिर् चिर्बिर् आवाज र मृगका बच्चाहरुको चञ्चल उफाइजस्ता दृश्यले महादेव र पार्वती मोहित हुनपुगे । आफ्नो मधुमास बिताउने सुन्दर र उपयुक्त स्थान यो बराबर अन्यत्र हुन नसक्ने निष्कर्षमा पुगी माता पार्वती र महादेव यसै पर्वतमा आफ्नो रासलीलासहित विहार गर्नथाले । उता महादेव र पार्वतीको अनुपस्थितिमा लामो समयसम्म कैलाश पर्वत शून्य भयो । महादेव र पार्वतीलाई लामो समयावधिसम्म कैलाशमा नदेखेपछि ब्रम्हादि देवताहरु देवाधिदेव महादेव र माता पार्वतीको खोजीमा निस्किए । खोज्दै जाँदा उनीहरु चन्दनपर्वतमा आइपुगे । ब्राम्हादि देवताहरुलाई अकस्मात् आफू रासलिला गरिरहेकै स्थानमा देखेपछि माता पार्वती लाजले भुतुक्क भइन् र नजिकै रहेको शिलामा लुप्त हुनपुगिन् । लामो समयपश्चात् महादेवको दर्शन पाएका देवताहरु श्रद्धापूर्वक महादेवको

[१] सूर्यनाथ पन्त(सम्पा.) तोयानाथ पञ्चाङ्ग, चतुर्भुज प्रकाशन, काठमाण्डौ: वि.सं.२०७३, आवरण पृष्ठ ।

स्तुति गर्न तम्तयार भए । आफ्नो आराधनाका लागि तयार रहेका ब्रम्हादि देवताहरुलाई आफ्नोभन्दा पहिले त्यही शिलामा लुप्त हुनपुगेकी माता पार्वतीको आराधना गर्न महादेवले  इसारा गरे । महादेवको इसाराअनुसार देवताहरुले पनि माता पार्वतीको आराधना गरे । ब्रम्हादि देवताहरुको स्तुति आराधनाबाट प्रसन्न भएकी माता पार्वती रातो वस्त्र तथा तेज स्वरुपमा महादेवको वामभागमा प्रकट भइन् र देवताहरुलाई वरदानको लागि आग्रह गरिन् । पार्वतीको दर्शनबाट कृतज्ञ भएका देवताहरुले आफ्नो लागि माग्नुपर्ने नै के थियो र ? उनीहरु त केवल महादेव-पार्वतीको जोडीको खोजीमा निस्किएका थिए । त्यसैले उनीहरुले आफुले गरेको माता पार्वतीको स्तुति र स्तोत्रपाठ गर्ने मनुष्यको मनोकामना पूर्ण होओस् भन्ने वरदान मागे साथै माता पार्वती र महादेवलाई कैलाशमै गएर विराजमान हुन आग्रह गरे । पार्वतीले देवताहरुको आग्रह अनुसारको वर प्रदान गरिन् । अनि आफ्नो पूजाअर्चनाको विधिविधान समेत बताइन् । श्रीमहादेवबिना आफु अधुरो र अपुरो हुने भएकोले आफू लुप्त भएर बसेको उक्त शिलामा आधा शक्ति महादेवको पनि लुप्त गराइदिन आग्रह गरिन् । माता पार्वतीको आग्रहअनुसार महादेव पनि उक्त शिलामा आफ्नो आधा शक्ति लुप्त गराई ब्रम्हादि देवताहरुका साथ कैलाशतर्फ लाग्नुभयो ।[२] यसरी आधा शक्ति पार्वती र आधा शक्ति महादेवबाट लुप्त गराइएको शिलालाई अर्धनारीश्वरको रुपमा मान्ने चलन चल्यो । माता पार्वती शिलामा प्रवेश गरेकी हुँदा यस शक्तिपीठको नाम शिलादेवी रहनगयो । यहाँका स्थानीयहरु शैलेश्वरीलाई शिलादेवी भनेर पनि पुकार्दछन् । अर्को किंवदन्ति अनुसार शैल भनेको पर्वत र ईश्वरी भनेको भगवती हुनेहुँदा पर्वतमा रहेकी ईश्वरी भन्ने अर्थमा  यिनको नाम शैलमा विराजमान ईश्वरी हुँदै शैलेश्वरी रहन गएकोहो भन्ने अभिमत पनि पाइन्छ । त्यस्तै एक अर्को जनश्रुतिअनुसार शिलादेवी भन्नु र शिलाईश्वरी भन्नु एउटै हो । अर्थात् शिलामा प्रवेश गरेकी ईश्वरी हुनाले शिला+ईश्वरीबाट नै शिलाईश्वरी हुँदै शैलेश्वरी नाम रहन गएको हो भन्ने मान्यता पनि छ । जेहोस् जगत्जननी माता शैलेश्वरीको उत्पत्ति सत्ययुगमा नै भएको कुरामा भने कुनै विवाद छैन ।

शैलेश्वरीको प्राचीनताबारे वैज्ञानिक आधार पनि रहेको पाइन्छ । हिन्दुधर्मका धेरैजसो परंपरागत मूल्य मान्यताहरुमा कुनै न कुनै वैज्ञानिक आधार रहेको भेटिन्छ । जस्तोः पीपलको पूजागर्नु , हप्ताको कुनै एकदिन उपवास (व्रत) बस्नु तथा गाईको पूजा गर्नु जस्ता तमाम प्रचलनहरु विज्ञानमा आधारित भएर नै चलाइएका हुन् । पीपलले मानवस्वास्थ्यका लागि हानिकारक मानिएको कार्वन्डाक्साइड ग्याँस आफूले ग्रहण गरी प्राणीजगत्लाई एक मिनेट पनि जीवन धान्न आवश्यक पर्ने अक्सिजन उत्सर्जन गर्ने कार्यमा सहयोग पुऱ्याउँछ । यो मानवका लागि मात्र नभएर यस जगत्का चराचर सबै प्राणीहरुका लागि समेत उत्तिकै लाभदायक र उपयोगी वृक्ष हो । यस वृक्षले आहारा र वासस्थानको आवश्यकता पुरा गरी पशुपंक्षीजगत्को भलाइ गरिरहेको छ भने घरबाहिर हुँदा घाम,पानी, हुरी,बतास जस्ता प्रकृतिजन्य संकटबाट बाँच्न ओत लाग्ने साहारा दिएर मानव कल्याणोपयोगी पनि बन्दैआइरहेको छ । त्यतिमात्र होइन सुकेपछि यसले मानवजगत्लाई चाहिने इन्धनको आवश्यकता समेत पुरा गर्दै आइरहेको छ । अझ आफ्नो स्थायी बसोवासका लागि घर बनाउने सीप सिकिनसकेको घुमन्ते मानवलाई त यस वृक्षले ओत लाग्ने र रात बिताउने आश्रयस्थल बनेर सहारासमेत दिएको थियो । यस्तो बहुउपयोगी वृक्षको संरक्षण र सम्बर्द्धन गर्नु जरुरी र अपरिहार्य हुनाले तत्कालीन मानवले यसको पूजापरम्परा चलाएका हुन् सक्छन् । त्यसैगरी हप्ताको कुनै एकदिन उपवास बस्ने गर्नाले मानवको स्वास्थ्यस्थिति बलियो रहनुका साथै संसारमा अन्न खपतमा थोरै अंश भएपनि कमी ल्याउन सकिन्छ । यसबाट विश्वका लाखौ भोकाहरुलाई एक छाक भएपनि खाना खुवाउने अन्न बचाउन सकिन्छ । अर्थात् विश्वका अरबौ मानिसहरुले हप्तामा एकदिनमात्र भएपनि आआफ्नो भागको एक छाक अन्न बचाउने हो भने त्यसले करोडौ मानिसहरुलाई महिनाभर खानपुग्ने अन्न बचाउन सकिन्छ । त्यस्तै हिन्दु धर्मले गाइलाई गौ माताको रुपमा पूजा गर्ने प्रचलन चलाएको  छ । यसको वैज्ञानिक कारणमा पशुहरुलाई मासुजन्य आहाराको लागि हत्यागर्ने माँसाहारी मानवबाट गाईलाई बचाउने उपायको रुपमा लिन सकिन्छ । घुमन्ते र सिकारी युगबाट बिस्तारै स्थायी

---

२ (लेखक वा सम्पादकको नाम उल्लेख नभएको) तीर्थत्रय-माहात्म्य संग्रहः: शैलेश्वरी, खप्तड र मालिका माहात्म्य, , डोटीः गीता पुस्तकालय र शैलेश्वरी गुठी सेवा समिति, वि.सं. २०५१, पृष्ठ १-१२ ।

बसोवासतर्फ उन्मुख मानवले कृषियुगमा प्रवेश गरेसँगै गाईको पूजापरम्परा चलाएका हुनसक्छन् । आजभन्दा करिब १०००० वर्ष पहिले सुरु भई ६००० वर्ष पहिलेसम्म कायम रहेको मानिएको नव पाषाणयुगबाट नै मानवले स्थायी बसोवास र कृषिकार्यको अविष्कार गरेको मानिन्छ । यो कालखण्डमा झुण्ड-झुण्डमा रहेका मानव समुहले निश्चित भौगोलिक क्षेत्रलाई आ-आफ्नो सामूहिक सम्पतिको रुपमा विकास गर्न थालेका थिए । वनमा उपलब्ध फलफूल, कन्दमूल तथा वनस्पतिबाट मात्र जीविकोपार्जन गर्न कठिन भएकोले उनीहरुले कृषिकार्यको थालनी गरेका हुन ।[३] कृषिकार्यको थालनीसँगै कृषिमा सहयोग पुऱ्याउनसक्ने जनावरहरुलाई पनि घरमै राखेर पाल्न सिके । यसरी कृषिसँगसँगै पशुपालनको पनि सुरुवात भयो । खेतीपाती लगाउन सिकेको मानवको लागि खेत जोत्न तथा गाडा तान्न गोरुको आवश्यकता पर्नथाल्यो । गोरुको आवश्यकता पूर्ति गर्न गाईको सँरक्षण गर्नु अनिवार्य देखियो । फलस्वरुप गाईलाई गौ माताको रुपमा पुज्ने परंपराको शुरुवात भयो । गाईको संरक्षणले एकातिर खेत जोत्ने र गाडा तान्ने कार्यमा सहयोगी गोरुको उपलब्धता सहज हुने भयो भने अर्कोतिर यसको गहुँत र गोबरको प्रयोगले खेतीपाती फस्टाउनमा सहयोग पुऱ्यायो । त्यतिमात्र होइन जीवित रहुन्जेल गाईको दूध तथा दुग्धजन्य पदार्थ मानवस्वास्थ्यको लागि अमृत समान हुने र मरेपछि पनि यसको छाला तथा हड्डीहरुलाई वस्त्र र अस्त्रको रुपमा प्रयोग गर्न सकिने भएकोले तत्कालीन मानवले यस्तो बहुउपयोगी जनावर गाईलाई गौ माताको रुपमा पुज्ने संस्कृतिको थालनी गरेको बुझिन्छ । त्यस्तै शैलेश्वरीको उत्पत्ति तथा पूजापरम्पराबारे पनि हामी कुनै न कुनै यस्तै वैज्ञानिक आधार भेट्टाउन सक्छौं । हाम्रा धार्मिक पुराण तथा धर्मशास्त्रमा गरिएको व्याख्यामा पनि कतै न कतै वैज्ञानिक आधारहरु भेटाउन सकिन्छ । जस्तो माथि उल्लेख भए अनुसार शिलादेवी अर्थात् शैलेश्वरीको उत्पत्ति सत्ययुगमा भएको हो भन्ने कुरामा हिन्दु धार्मिक स्रोतहरु एकमत छन् । धर्मशास्त्रमा व्याख्या भएअनुसारको सत्ययुगलाई मानव विकासको इतिहाससँग जोडेर हेर्ने हो भने यो रामापिथेकस (Ramapithecus) मानवको अन्त्य र प्राचीन पाषाण युगको (Paleolithic Age) शुरुवाती चरणको समकालीन कालखण्ड अन्तर्गत पर्दछ । अर्थात् शिलादेवीको उत्पत्ति मानवसभ्यताको उषाकाल वा पाषाणयुगको प्रारम्भिक अवस्थातिर भएको मान्न सकिन्छ । जुन बेला मानवपुर्खाले खेतीपाती लगाउन जानेका थिएनन् । वनका कन्दमूल र शिकार संकलन गरेर आफ्नो जीवन निर्वाह गर्दथे । एकै ठाउँमा नबसी घुमन्ते जीवन बिताउने गर्दथे । हतियार निर्माणकला सिकिसकेको थिएन तर प्रकृतिमा उपलब्ध प्रस्तर (ढुङ्गा) हरुलाई हतियारको रुपमा प्रयोग गर्न जानेको थियो । मानवशास्त्रीहरुले यस समयलाई Hunting and Gathering Society भनेर व्याख्या गरेकाछन् । त्यसबेलाको समाज मातृसत्तात्मक व्यवस्थामा आधारित थियो । पुरुषहरुले वनबाट ल्याएको सिकार र महिलाहरुले संकलन गरेका कन्दमूल तथा फलफूलहरुमाथि महिलाकै स्वामीत्व कायम हुन्थ्यो । श्रम विभाजन गरिएको भएतापनि सम्पत्तिमाथि महिलाहरुकै स्वामीत्व स्विकारिएको हुन्थ्यो । झुण्डमा बस्ने भएकोले प्राप्त कन्दमूल तथा सिकारको भागबन्डा लगाउने जिम्मा पनि महिलाको नै हुन्थ्यो । मानिसहरुले नयाँ हातहतियार बनाउन सिकेका थिएनन् । प्रकृतिमा जे जस्ता आकार प्रकारका ढुङ्गाहरु प्राप्त हुन्छन् तिनकै प्रयोग गरेर आफना आवश्यकता पुरा गर्न जानेको थियो । ढुङ्गाकै हतियार, ढुङ्गाकै घर(ओढार) ढुङ्गाकै भाडावर्तन तथा ढुङ्गा नै एकआपसमा रगडेर आगोको अविष्कार गर्न सिकेका मानवकालागि ढुङ्गाबिना जीवन अपूर्ण र अधुरो थियो । यस्तो अवस्थामा मानिसले शिला अर्थात् प्रस्तर वा ढुङ्गाको पूजा गर्नु स्वभाविकै थियो । यहाँ ढुङ्गाको पूजा भनेर जगतजननी माता शैलेश्वरी प्रति अनास्था भएर होइन कि यसको वैज्ञानिक आधार खोज्ने क्रममा यो कुरा उल्लेख भएको हो । जसरी माथि बहुउपयोगि ंवृक्ष पिपल र गाईको पूजा परंपराबारे व्याख्या गरिएको छ त्यसैगरी त्यतिबेलाका मानवहरुलाई राम्रो आकार प्रकार मिलेका र प्रयोग गर्न सजिला एवं धारिला तथा चुच्चो मुख भएका ढुँगेहतियारको आवश्यकता पर्थ्यो होला । आँफैले हतियार निर्माणकला सिकिनसकेको मानवलाई प्रकृतिमै आकार प्रकार मिलेका सजिला र धारिला हतियार मिल्नु भनेको कुनै दुर्लभ र चमत्कारिक बस्तु मिले बराबर नै मानिन्थ्यो । हुनसक्छ यस भेगमा त्यतिबेलाका मानवहरुले त्यस्तै चमत्कारिक शिलापत्थर भेटाउन सफल भएका थिए होलान् र त्यसको प्रयोगबाट उनीहरुले आफुलाई कुनै ठूलो

[३] भोजेन्द्र अर्याल, सामाजिक सस्था र प्रक्रियाको विश्लेषण, काठमाण्डौः ज्ञानकुञ्ज प्रकाशन, वि.सं.:२०६६, पृष्ठ १०९-११२ ।

संकटबाट बचाउन सफल भएका थिए होलान् । अनि आफूहरुको प्राणरक्षाको कवच बनेको त्यसै शिलालाई भगवतीको रुपमा पूजाआजा गर्ने चलन चलाएका हुनसक्छन् । अझ भनौ त्यतिबेलाको मानवले सर्वप्रथम प्रस्तरलाई एकआपसमा रगडेर आगोको अविष्कार गर्न सिकेको थियो । यस आगोको अविष्कारले उसको जीवनलाई धेरै सरल र सुरक्षित बनाइदिएको थियो । चिसोबाट बच्न, शत्रुबाट बच्न अध्यँारोमा उज्यालोको कार्य गर्न तथा खानेकुराहरु पकाएर र पोलेर खाने जस्ता कार्यमा उसलाई आगो नभई भएन । ढुंगापछि उसको सर्वस्व भनेको आगो मानिन थाल्यो । यसरी आगो उत्सर्जन गर्ने प्रस्तरलाई उसले साक्षात् भगवानकै अवतार मान्यो र पूजा गर्नथाल्यो । जाज्वल्यमान् प्रकाशसहित प्रकट भएकी माता शैलेश्वरी भनेर कतै यही आगो आविष्कार हुँदा रगडिएका दुई प्रस्तरबाट निस्किएको झिल्कातिर संकेत गरिएको त होइन ? यो गम्भीर र मननीय कुरा हो ।

हाम्रा धर्मग्रन्थहरुको वैज्ञानिक अध्ययन गर्ने हो भने मानवउत्पत्ति र विकासबारे हामी थुप्रै सांकेतिक सूचनाहरु प्राप्त गर्न सक्दछौ । शिलादेवीलाई अर्धनारीश्वरको रुपमा हेर्नु भनेको पनि एउटा नयाँ जीवन उत्पत्ति गर्न पितृशक्ति र मातृशक्तिको अपरिहार्यतातिर संकेत गरिएको पनि हुनसक्छ । त्यस्तै त्यतिबेलाको लागि चमत्कारिक आविष्कार मानिएको आगो उत्पत्ति गर्न पनि २ वटा प्रस्तरको उत्तिकै आवश्यकता हुने हुँदा सर्वप्रथम आगो उत्पत्ति गराउने ती प्रस्तरलाई मातृशक्ति र पितृशक्तिको रुपमा पुजेको पनि हुनसक्छ । मानव इतिहासको मात्र नभएर भविष्यको रुपरेखासमेत हाम्रा धार्मिकग्रन्थहरुमा भेटिन सक्छ । खाँचो छ त केवल यिनीहरुको वैज्ञानिक अध्ययन अनुसन्धानको । यसरी आफनो जीवनको अस्तित्वसँग गाँसिएको त्यस शिलाको सँरक्षण र सुरक्षा गर्नु अपरिहार्य र अनिवार्य थियो होला । जसको फलस्वरुप तत्कालीन मानवले यसलाई अलौकिक पूजनीय शक्तिको रुपमा पुज्ने परम्पराको थालनी गरे होलान् । आफना पुर्खाले पुज्दै आएको यस शिलालाई पछिका पुस्ताले पनि कुनै कारण र आधारको खोजनीतिबिना नै पुज्ने परंपराको विकास गरे र कालान्तरमा यो शिला हिन्दु धर्मावलम्बीहरुको अगाध आस्था र विश्वासको केन्द्रविन्दुको रुपमा रुपान्तरण भयो । शिलादेवीलाई अर्धनारीश्वर शक्तिको रुपमा पुजिनुले त्यस युगमा नारीपुरुषबिच समानता रहेको संकेतको रुपमा पनि लिन सकिन्छ । साथै अर्धनारीश्वरको रुपमा भएपनि देवीशक्तिले प्राथमिकता पाउनु वा देवीशक्तिलाई प्रधानशक्तिको रुपमा पूजाआजा गर्नु भनेको त्यसबेलाको समाज मातृसत्तात्मक रहेको कुराको संकेत हो भनी बुझ्न सकिन्छ ।

माता शिलादेवीको उत्पत्तिसम्बन्धी वैज्ञानिक कुराको सङ्केत हाम्रा अन्य धार्मिक ग्रन्थहरुमा पनि पाइन्छ । जस्तो देवताहरुलाई त्राहि त्राहि पारिरहेको राक्षसराज तारकासुरले श्री महादेवबाट उनका पुत्रको हातबाट मात्र मर्नसक्ने वर पाएका थिए । शिव र पार्वतीको विवाह सम्पन्न भएको लामो समय व्यतित भइसक्दा पनि श्री महादेव र माता पार्वतीबाट सन्तान लाभ हुन विलम्ब भएको हुँदा देवताहरु शिव र पावर्तीको खोजीमा कैलाशतिर लागे । कैलाशमा उहाँहरुलाई भेटाउन नसकेपछि उनीहरु खोज्दै खोज्दै चन्दन पर्वतमा पुगे । चन्दन पर्वतमा आफनु रासलीलामा व्यस्त माता पार्वती र भगवान शिवजीलाई बिन्तीभाउ गरी कैलाश पुर्‍याए । त्यसपछि महादेव र पार्वतीबाट गणेश र कुमारको जन्म भयो अनि तिनै गणेशजीबाट तारकासुर दैत्यको बध भई देवताहरुलाई उसका आतङ्कबाट बचाए भनी व्याख्या गरिएको पाइन्छ ।[४] यसरी धार्मिक ग्रन्थमा व्याख्या भएका गणेश भनेका कतै चन्दन पर्वतमा फेला परेको त्यो अद्‌भुत शक्ति भएको र दुर्लभ ढुँगेहतियार त होइन ? जसको प्रयोगबाट तत्कालीन मानवले आफूलाई अर्को कुनै शत्रुको आक्रमणबाट बचाएको थियो वा अझ भनौ आफ्नो शत्रुको नाश गरेको थियो होला । यसरी आफनो अस्तित्व बचाउन सफल भएकोमा त्यो ढुंगे हतियारलाई उसले दैवीशक्ति नै मानेर पुजेको हुनसक्ने कुराको संकेत यस्ता धार्मिक ग्रन्थहरुबाट मिल्दछ । आजभोलि पनि हिन्दुधर्माबलम्बीहरुले आफूले प्रयोग गर्ने मेसिनरी वाहन र हतियारको पूजा गर्ने परम्परा कतै त्यसैको निरन्तरता त हैन ? यी र यस्तै गम्भीर प्रश्नको उत्तर वैज्ञानिक ढंगबाट खोजियो भने हामी अवश्य पनि हाम्रा परम्परागत संस्कार र संस्कृतिहरुको उत्पत्तिबारे सत्यताको नजिक पुग्न सक्नेछौ ।

---

[४] शिवराज श्रेष्ठ मल्ल, “श्री शैलेश्वरीको उत्पति तथा शिव-पार्वती विवाह आख्यानको प्राग-ऐतिहासिकतामा एक वैज्ञानिक अध्ययन,” :शैलेश्वरी कोटिहोम स्मारिका, डोटी: श्री शैलेश्वरी क्षेत्र विकास समिति, वि.सं. २०५९,पृष्ठ ४४-५६ ।

नेपालको बुटवल क्षेत्रको तिनाउखोला आसपासको क्षेत्रमा पुरातत्वविद्हरुले भेटाएको करिब १ करोड १० लाख वर्ष पुरानो मानिएको रामापिथेकस मानवको अवशेषले पनि  नेपालमा प्राचीन मानवको वसोवास रहेको कुरालाई पुष्टि गरिसकेकोछ । रामापिथेकसलाई बर्तमान मानवको पुर्खा मानिए तापनि आजभन्दा करिब २०।२५ लाखवर्ष पहिलेदेखि शुरु भएको प्राचीन ढुँगेयुग(Paleothik age) नै वर्तमान मानवसभ्यताको सुरुवाती चरण मानिन्छ । यस हिसाबले हाम्रा धार्मिक ग्रन्थहरुलाई आधार मान्ने हो भने ढुँगेयुगको अवधि सत्ययुगबाट सुरु भई द्वापरयुगको अन्तिम चरणसम्म रहेको पाइन्छ । हिन्दुधर्मका जति पनि शिलापूजनसँग सम्बन्धित देवी देवताको उत्पत्ति भएको मानिएकोछ त्यो यसै युगमा भएको पाइन्छ । चाहे आराध्यदेव पशुपतिनाथको उत्पत्ति होस् या अन्य कुनै स्थानका देव-देवी को नै किन नहोस् प्रायः सबै शक्तिपीठहरुको उत्पत्ति शिलापत्थरसँग सम्बन्धित रहेको पाइन्छ । त्यसैले वैज्ञानिक दृष्टिकोणबाट हेर्ने हो भनेपनि शैलेश्वरीको उत्पत्ति आजभन्दा २०।२५लाख वर्ष पहिले नै भई सकेको कुरा पुष्टि हुन्छ ।

**पूजापरम्परा**

शिलादेवी अर्थात् शैलेश्वरीको पूजा आराधना सर्वप्रथम त स्वयं ब्रम्हादि देवताहरुले नै गरेको देखिन्छ । किनभने आफ्नो अगाडि अकस्मात् ब्रम्हादि देवताहरुलाई देखी लजाएर शिलामा लुप्त हुनपुगेकी देवीलाई प्रसन्न पार्न देवताहरुले उक्त शिलाको पूजा आराधना गरेका थिए । इन्द्रादि देवताहरुले पूजाआराधना गरेको शिलालाई पछि त्रेतायुगमा अयोध्या निवासी भगवान श्रीरामले यज्ञ यागादि लगाई माता शैलेश्वरीको पूजाआराधना गरेको वर्णन शैलेश्वरी महात्म्यमा पाइन्छ । उक्त महात्म्यानुसार भगवान रामचन्द्रले लंकाराज रावणको बध गरिसकेपछि विजयोत्सव स्वरुप आयोजना गरेको अश्वमेध यज्ञको समापन पश्चात् आफ्नो सभामा पृथ्वीका विभिन्न पवित्र धार्मिक स्थलहरुको कथा सुन्ने र सुनाउने व्यबस्था गरेका थिए । यस्तै कथा सुन्ने सुनाउने क्रममा गुरु वशिष्ठले चन्दनपर्वत अर्थात् हालको सिलगढी डाँडाको सुन्दरता र माता शिलादेवीको उत्पत्ति र महिमासम्बन्धी कथा  सुनाउनु भयो । कथा सुनिसकेपछि श्रीरामलाई यस ठाउँको भ्रमणगर्ने लालसा जागृत भएर आयो । अतः भगवान रामचन्द्र आफ्ना गुरु वशिष्ठ, भाइ लक्ष्मण, परंभक्त हनुमान तथा अन्य ऋषिमुनिहरुसहित यस क्षेत्रको भ्रमणमा निस्किनुभयो । शिलादेवी क्षेत्रमा प्रवेश गरिसकेपछि उहाँले विधिपूर्वक रसोद कुण्डमा(उत्तरायन धारा) स्नान गरी देवर्षि र पितृतर्पण गरेर ब्राम्हणलगायतलाई दान,दक्षिणा तथा भोजनाहारले तृप्त बनाई शिलादेवी उत्पत्ति भएको स्थानमा पुगेर श्रद्धापूर्वक देवीको पूजाआराधना तथा स्तुतिगान गर्नुभयो । श्री रामको पूजाआराधना र प्रार्थनाबाट प्रसन्न भएकी माता शैलेश्वरीले आफ्नो साक्षात् रुपमा दर्शन दिनुभयो । माताको दर्शनबाट प्रसन्न भएका श्रीरामले नौ दिनसम्म यसै क्षेत्रमा बसी त्रिकालपूजा गर्नुभयो । पूजाआराधनाको साथसाथै श्रीरामले शैलेश्वरी परिसरमा भएका छ वटा मण्डप ( भक्ति,ज्ञान,योग,सिद्धि,वैराग्य र मुक्ति) मा क्रमिक रुपमा बसी पार्वती र शिवको जपध्यान पनि गर्नुभयो । त्यसपछि श्रीराम दिलिपेश्वर झरेर दिलिपेश्वर र ध्रुवेश्वरको पूजाआराधना गरी अयोध्या फर्किनुभयो ।[५] दिलीपेश्वरलाई श्रीरामका पुर्खा मानिन्छ । यी राजा सूर्यवंशी राजवंशका ५६औं पुस्ता र श्रीरामका जिज्यूबुवा मानिन्छन् ।[६] यिनैको नामबाट वर्तमान दिपायलको नाम रहनगएको हो भन्ने किंवदन्ति रहेको छ ।

अयोध्याका राजा रामचन्द्रले यस शिलादेवी रहेको स्थान चन्दननाथ पर्वतको तीर्थयात्रा गरिसकेपछि यस क्षेत्र र शक्तिपीठबारे व्यापक प्रचार प्रसार हुनपुग्यो । यस तीर्थयात्राको परिणामस्वरुप शिलादेवीका भक्तजनहरुको संख्या बृद्धि हुँदैगयो । तत्कालीन जम्बूद्वीप र हालको भारतबर्षको गुजरात तथा बरेली नगरमा पनि माता शिलादेवीका भक्तहरुको संख्या बढ्दै गयो । त्यसपछि त्रेतायुगकै अन्त्यमा यसक्षेत्रको तीर्थयात्रामा आउने भक्तजनहरुमा एकजना वारणवत नगर (बरेली) का पुण्यकीर्ति नामक ब्राम्हण  र अर्का गुजरात निवासी सोमशर्मा नामक ब्राम्हण थिए । शैलेश्वरी माहत्म्यलाई

[५] ऐजन, पृष्ठ ४१-५० ।

[६] .जगन्नाथ भट्ट,  वशिष्ठ गोत्रका भट्ट वंशको इतिहास तथा वंशावली , शौनक गोत्रका डोटी रैका राजवंश(सूर्यवंशी राजाहरु) को वंशावली......., डोटीः खेमराज भट्ट, वि.सं. २०७१, पृष्ठ २१ ।

आधारमान्ने हो भने मर्त्यलोकका सर्वसाधारण मानवहरुमा सर्वप्रथम शिलादेवीको पूजाआराधना गर्ने व्यक्ति यिनै ब्राम्हणद्वय देखिन्छन् । उनीहरुले यस क्षेत्रको तीर्थयात्रा गरी विधिसम्मत तरिकाले देवीको पूजाआराधना तथा स्तुतिगानसमेत गरेका र देवीले आफ्ना भक्तहरुको परीक्षा लिई सोमशर्मालाई प्रत्यक्ष दर्शन दिएको र पुण्यकीर्तिलाई सपनामा उपदेश दिएको कुरा शैलेश्वरी महात्म्यमा उल्लेख छ । यसरी सत्ययुग हुँदै त्रेतायुगसम्म आइपुग्दा शिलादेवीको पूजाआराधना र स्तुतिगान केवल देवताहरुमा मात्र सीमित नभई मानवजगत्‌मा पनि चलिसकेको थियो भन्न सकिन्छ । त्यस्तै कोटिहवन महायज्ञको इतिहासलाई खोतल्ने हो भनेपनि भगवान रामले माता शैलेश्वरीको पूजाआराधना ९ दिनसम्म गरेको भनेबाट कतै यहींबाट कोटिहवनको परंपरा शुरुवात भएको हो कि भन्ने अनुमान गर्न सकिन्छ । किनकि सामान्य हवनको लागि ९ दिनको समयावधि नलाग्ने हुँदा उनले गरेको यो महायज्ञ नै प्रथम कोटिहवन हुनसक्ने संभावना रहन्छ । वि.सं.२०५९ सालमा मा समपन्न भएको कोटिहवन अघिल्ला १२ वटा लक्षहवनपश्चात् भएकोले यो १२×१२=१४४ वर्षपछि परेको मानिन्छ । प्रत्येक १२ वर्षमा लक्षहवन गरिने र १२औं लक्षहवनलाई कोटिहवनका रुपमा मनाइने प्रचलन रहेको कुरा यहाँका बुढापाकाहरुबाट सुन्न पाइन्छ । यस हिसाबले वि.सं २०५९ सालको कोटिहवनभन्दा अगाडिको कोटीहवन वि.सं.१९१५ सालमा भएको कुरा पुष्टि हुन आउँछ । २०५९ सालको कोटीहवन कम्तिमा पनि चौथो हो भनी शैलेश्वरीका पुजारी र यहाँका बुढापाकाहरु बताउछन् । यसबाट के कुरा प्रष्ट हुन्छ भने तेस्रो कोटिहवन वि.सं. १९१५ साल अर्थात् राणा शासनकालमा परेको थियो । त्यस्तै दोस्रो कोटिहवन वि.सं. १७७१ साल अर्थात् डोटी राज्य नेपालमा नगाभिदै रैका राजा मान्धाता शाहीको राज्यकालमा पर्न गएको पाइन्छ । त्यस्तै प्रथम कोटिहवन वि.सं. १६२७ अर्थात् भूपति मल्ल (शाही) को राज्यकालमा सम्पन्न भएको कुरा ज्ञात हुन आउँछ ।[७] भूपति मल्लकै पालादेखि डोटीका राजाहरुले आफ्नो थर परिवर्तन गरी शाही लेखाउन थालेकाले कतै यही अवसर पारेर कोटिहवन लगाएका हुन् कि ? पनि भन्न सकिन्छ ।

शैलेश्वरीको नियमित पूजाअर्चनासम्बन्धी अर्को किंवदन्ति पनि रहेकोछ । यस किंवदन्तिबाट शैलेश्वरीको नियमित पूजाअर्चना तथा पुजारीसम्बन्धी धेरै कुरा जानकारी पाउन सकिन्छ । किंवदन्तिअनुसार हाल भारतको पश्चिमोत्तर क्षेत्रका वशिष्ठ गोत्रीय भट्ट ब्राम्हण विभिन्न धार्मिक तथा पावन स्थलको भ्रमण गर्ने सिलसिलामा शैलेश्वरी क्षेत्रमा पुग्नुभयो । शैलेश्वरीको दर्शनपश्चात् त्यहाँबाट वैद्यनाथक्षेत्रतिर जान सिलगढीको पूर्वतर्फ रहेको पैयाभन्ज्याङ्ग भन्ने स्थानमा पुग्नुभयो । पैयाभन्ज्याङ्गबाट अगाडि बढ्न खोज्दा उनका आँखा बन्द भई अगाडि केही पनि नदेखिने हुनथाल्यो । यो के हुनलाग्यो भनी ती ब्राम्हण पुनः सिलगढीतिर नै फर्कन खोजे । सिलगढीतिर फर्किन खोज्दा पुनः आँखा देख्नथाले । यसरी पैया भञ्ज्याङ्गबाट पूर्वतर्फ जानखोज्दा आँखा बन्द हुने र सिलगढीतर्फ फर्किन खोज्दा आँखा खुल्ने अनौठो घटना हुन थालेपछि ती ब्राम्हण त्यहीबाट फर्की हालको पुन्नागाउँमा बास बस्न पुगेछन् । साँझको खानपिन पछि राति सुतेका बेला माता शैलेश्वरीले ती ब्राम्हणलाई 'म यस ठाउँमा शिला भएर बसेको धेरैभयो । यहाँ मेरो विधिपूर्वक पूजाआजा गर्ने व्यक्ति कोही पनि छैन । तिमी यस क्षेत्रमा आएकोमा म प्रसन्न छु , अबदेखि तिमी र तिम्रा सन्तान दरसन्तानले मेरो पूजाआजा गर्नु' भनी आज्ञा भएछ । सपनामा देखेको कुरा दोस्रो दिन बिहान सबै गाउलेलाई भनी ती ब्राम्हण र गाँउलेहरु शिलाको खोजीमा निस्किएछन् । सारा वनजंगल चहार्दा पनि शिला नभेटिएपछि थकाइले चुर भएका ब्राम्हण र गाउँलेहरु निराश फर्किए । गाउँलेहरु घर फर्किसकेपछि ती ब्राम्हण एउटा रुखको छहारीमुनि चिन्तामग्न भएर बसिरहका थिए । यत्तिकैमा त्यस वनमा चर्न आएको एउटा कैलीगाई कासको झ्याङ् भएको ठाउँमा लामो समयसम्म स्थिर रहेको देखेर त्यहाँ के रहेछ भनी हेर्न जाँदा त्यस गाईको थुनबाट अविरल रुपमा दुधको धारा प्रवाह भइरहेको पाए । त्यसपछि त्यो भ्याङ्लाई पन्छाई हेर्दा त्यहाँभित्र अघिल्लो राति सपनामा देखेको जस्तै माता शैलेश्वरीको शिला भेटियो । त्यो शिलालाई भक्तिपूर्वक छोपी ती ब्राम्हणले गाउँमा गएर सबै घटना विवरण सुनाए । ब्राम्हणको कुरा सुनिसकेपछि सबै गाँउलेहरु पुनः त्यस वनमा गई ब्राम्हणले भनेको ठाउँमा शिला खोज्नथाले । नभन्दै

---

[७] सूर्यमणि अधिकारी, बाइसे राज्यको इतिहास, काठमाण्डौः भुँडीपुराण प्रकाशन, वि.सं.२०६८, पृष्ठ ९२ ।

त्यहा ब्राम्हणले सुनाए जस्तै शिला भेटियो । त्यसपछि सबै गाँउलेले शिलादेवीको भक्तिपूर्वक प्रार्थना गरी तिनै ब्राम्हणबाट उक्त शिलाको नित्य पूजाआजा गर्ने व्यवस्था गरे । आजसम्म पनि शैलेश्वरीको पूजा गर्ने पुजारी यिनै ब्राम्हणका सन्तान रहेका छन् । शिला खोजी त्यसको पूजाआजा गर्ने व्यवस्था गरेको र ब्राम्हणलाई पुजारीको रुपमा मान सम्मान सहित वसोवासको व्यवस्था गरी शैलेश्वरीको नित्य पूजाआजा गर्ने चलन चलाई पुण्यकार्य गरेकोले पछि त्यस गाउँको नाम पुण्यग्राम राखियो । यहि पुण्यग्राम शब्द अपभ्रंश हुदै पुन्नागाउँ हुन पुग्यो भन्ने किंवदन्ति यस भेगमा पाइन्छ । यसबारे अर्को जनश्रुति पनि पाइन्छ । दोस्रो जनश्रुतिअनुसार सिलगढी क्षेत्रको पुरानो बस्तीमध्ये हालको पुन्ना गाउँ पनि एक हो । पछि नयाँनयाँ बस्तीहरु बस्दै गए । अझ राणाशासनकालमा सिलगढीले गौडाको रुप लिइसकेपछि त नयाँ बस्ती बस्ने क्रम झन् तीव्र भयो । नयाँनयाँ बस्ती बसिसकेपछि पुराना बस्तीलाई पुरानो गाउँ भन्न थालियो । यही 'पुरानोगाउँ' शब्दलाई बोलचालको भाषामा उच्चारण गर्न सजिलो हुने भएकोले पुन्नागाउँ भन्न थालियो र सबैको जनजिब्रोमा छिट्टै बस्यो । यस्ता पुराना बस्ती वा घरलाई पुन्नागाउँ वा पुन्नाघर भन्ने चलन यस भेगमा अन्यत्र पनि रहेको छ । त्यसैले यस गाँउको नामकरणसम्बन्धी दोस्रो जनश्रुति भरपर्दो र विश्वासिलो देखिन्छ ।

त्यस्तै ती वशिष्ठ गोत्रीय ब्राम्हणको शेषपछि उनकै कुनै पुस्ताका सन्तान दुई भाइ शैलेश्वरीका पुजारी थिए । ती दुई भाइमध्ये एकजनालाई तत्कालीन पुन्नागाउँ निवासी र हालको खातिवडा गा.वि.स, नारा भन्ने गाउँका साउँद थरका मानिसहरुले आफू घोडचढी दौडमा यहाँका ब्राम्हणसँग पराजित भएको झोकमा रातको समय पारी ब्राम्हणको घरमा आगो लगाइदिए । रातको समय हुनाले ब्राम्हणका परिवारहरु घरबाहिर निस्कन सकेनन् र आगोसंगै डढेर मरे । संयोगवश आगलागीमा परेका ती ब्राम्हणकी गर्भवती ब्राम्हणी बाँच्न सफल भइन् र त्यहाँबाट कसैले थाहा नपाउने गरी भागेर आफ्नो माइती गई बसिन् । पछि माइतीमा नै उनले एउटा बालकलाई जन्म दिइन् । आफ्ना पतिको हाड परेको(हत्या भएको) ठाउँमा फर्केर नजाने निर्णय लिएकी ब्राम्हणीले बालक जन्मिएको कुरा गोप्य राख्न लगाइन् । आगलागीमा परेका ब्राम्हणका अर्का भाइ डरले बाहिरबाटै भागी बझाङ्ग, थलारामा गइबसे । त्यसपछि शैलेश्वरीको नित्य पूजाआजामा बाधा व्यवधान आउनलाग्यो । पुजारीबिना देवीको नित्य पूजाआजा १२ वर्षसम्म अवरुद्ध रहन गयो । पछि शैलेश्वरीका धामीहरु कामेर घरमा आगो लगाई मारिएका पुजारीको सन्तान हाल डोटी जिल्ला अन्तरगत रहेको निरौली गा.वि.स. अर्थात् आफ्नो मामाघरमा रहेको कुरा पत्ता लगाए । त्यसपछि गाउँका केही अगुवा र देवताका धामीहरु आफ्ना पुजारीको सन्तान लग्न भनी निरौलीतिर गए । निरौली माइतीघरमा बसेकी ती ब्राम्हणीले शैलेश्वरीका कारेबारेहरु आफू र आफ्नो नाबालक छोरालाई खोज्दै त्यहाँ आइपुगेको थाहा पाएपछि बालक छोरालाई धानको डुरो (भकारी) भित्र लुकाएर राखिन् र आफूसंग कुनै सन्तान नभएको बताउन थालिन् । यस्तैमा बालकलाई लुकाएर राखेको डुरो(भकारी) कामेर उफ्दै(चल्दै) ती धामीहरु भएको स्थाननिर आइपुग्यो । त्यसपछि डुरो(भकारी) भित्रबाट बालकलाई निकाली आफनो साथमा ल्याई ती धामी तथा अगुवाहरु पुन्नागाँउ फर्किए । त्यसपछि ती बालकको व्रतबन्ध गरी शैलेश्वरीको पूजापाठ तथा जपध्यान गर्ने विधि विधान सिकाउनुको साथै वेद वेदाङ्गको अध्ययन पनि गर्न लगाए । यी बालकलाई आफनो गोत्र थाहा नभएको हुँदा 'गोत्राभावे तु काश्यपम्' भन्ने शास्त्रीय मान्यतानुसार यिनको गोत्र काश्यप कायम गरियो । यसरी वशिष्ठ गोत्रिय भट्ट ब्राम्हणको एक हाँगा काश्यप गोत्रमा रुपान्तरण भएको हो । बालक गर्भमै हुँदा यिनका पिताको निधन भएकोले यिनको नाम गर्भु भट्ट राखियो । अहिलेका पुजारीहरु यिनै गर्भु भट्टका १६/१७औं पुस्ताका सन्तान हुन् ।[८]

माता शैलेश्वरीको पूजाआजा गर्दा मन्दिरको चारैतिर रहेका अन्य देवगणको पनि पूजा गरिन्छ । शैलेश्वरीको वरिपरि रहेका देवगणको नाम यस प्रकार रहेको छ :-

१.चण्डेश्वर २.गौणे (गणेश) ३. बेताल ४. हनुमान ५. भैरव ६.बटुक भैरव ७. मष्टा आदि ।

[८] भट्ट , पूर्ववत, पाद टिप्पणी नं. ६, पृष्ठ ४ ।

शैलेश्वरी भगवती र यिनका वरिपरि रहेका देवगणको पूजाआराधना पश्चात् शैलेश्वरी क्षेत्रभन्दा टाढा रहेका देवीदेवता तथा शक्तिपीठहरुको पनि निशाना लगाई पूजाआजा गर्ने परम्परा रहेको छ । निशाना पूजा भन्नाले टाढाटाढा रहेका देवीदेवता भएको दिशातिर फर्केर पूजाआराधना गर्नु भन्ने बुझिन्छ । यसरी निशाना लगाई पूजाआजा गरिने देवी-देवताहरु यस प्रकार छन्ः-

१. दिलीपेश्वर २. योगेश्वर ३. ध्रुवेश्वर ४. तेडीमहादेव ५. उग्रतारा ६. त्रिपुरासुन्दरी ७.पूर्णागिरी ८. सुनादेवी ९. मालिकादेवी १०. दुर्गादेवी ११. वाराहीदेवी १२. दाडेमष्टा आदि रहेका छन् । माता शैलेश्वरीको पूजाआजा तथा पर्वमा सहयोग गर्नकालागि यहाँ १२ वटा गाउँहरु रहेका छन् । जसलाई बाह्रबरेला भन्ने गरिन्छ । बरेला भन्नाले माता शैलेश्वरीको वर प्राप्त भन्ने हुन्छ । ती बाह्रबरेला यस प्रकार छनः-

१. उडीतोला २.पाँकरी ३. राँतुली ४. सिलगाउँ ५. थाप्ला ६. गैरा ७. कलेना ८. धामीगाउँ ९. पुन्नागाउँ १०. बागठाँटा ११. लेकठाँटा र १२. बाँज रहेका छन् । यी बाह्रबरेलालाई पनि तल्लो पयो र मल्लो पयो गरी २ भागमा विभाजन गरिएको छ । पयो भन्नाले भाग भन्ने हुन्छ । बाह्रबरेलालाई यसरी २ भागमा विभाजन गर्नाको खासकारण देवीको मेलापर्वमा आवश्यक पर्ने सरसामग्री जुटाउन जुन जुन गाउँमा जे जे सामग्री पाइन्छ त्यही सरसामान जुटाउन र कामको खटनपटनको जिम्मा लगाउन सजिलो होस् भन्नका लागि गरिएको देखिन्छ । कलेनालाई आधाआधा गरी तल्लो भेकलाई तल्लो पयोमा र मल्लो भेकलाई मल्लो पयोमा राखिएको पाइन्छ । किनभने तल्लो कलेना भनेको औलक्षेत्र र मल्लो कलेना भनेको लेकक्षेत्र पर्ने भएकोले लेक र औलमा पाइने सरसामान फरक फरक हुने भएको हुँदा एकै गाँउलाई तल्लो र मल्लो पयोमा विभाजन गरिएको हो ।

आधुनिककालमा आएर डोटीका रैका राजा पहाडी शाहीले शैलेश्वरीको पूजाअर्चनाका लागि विधिवत् रुपमा राज्यकै तर्फबाट गुठीको व्यबस्था र पुजारी तोक्ने कार्य गरेका थिए भन्ने कुरा यहाँका बुढापाकाहरुबाट सुनिन्छ । पहाडी शाहीको वि.सं. १६९९ को पहिलो ताम्रपत्र प्रकाशित भएकोले उनको राज्यकाल आजभन्दा करिब ३७६ वर्ष पहिले रहेको कुरा थाहा हुन्छ ।[९] यसबाट माता शैलेश्वरीको नित्य पूजाआजा करिब ३७६ वर्ष पहिलेदेखि सुरु भएको हो भन्ने कुरा प्रष्ट हुनआँउछ । नेपाल एकीकरण पश्चात् वि.सं १८७९ देखि वि.सं.१८८७ सम्म डोटीका तैनाथवाला हाकिम बनेका चौतरिया पुष्कर शाहले काठ र ढुङ्गाको मन्दिर बनाई शैलेश्वरी मन्दिरको वर्तमान आधुनिक स्वरुपको प्रारम्भिक खाका निर्माण गरेका थिए । त्यसभन्दा पहिले यो मन्दिर साधारण माणुको रुपमा रहेको कुरा पुष्टि हुनआँउछ ।

## निष्कर्ष

यसक्षेत्रका जनताको धार्मिक आस्थाको केन्द्रविन्दु , सामाजिक एकताको आधार तथा आर्थिक समृद्धिको सम्भावना बोकेको यस पवित्र क्षेत्रको जुन रुपमा अध्ययन अनुसन्धान हुनु पर्दथ्यो त्यो कतैबाट पनि भएको पाइँदैन । धार्मिक, सामाजिक, आर्थिक तथा ऐतिहासिक महत्व बोकेको यस क्षेत्रको वैज्ञानिक ढंगले पुरातात्विक अन्वेषण गर्ने हो भने यहाँ अवश्य पनि प्राग्ऐतिहासिक उपकरण र अवशेषहरु मिल्नसक्ने प्रबल सम्भावना रहेको छ । यसका लागि पुरातत्व

९ राजाराम सुवेदी, कर्णाली प्रदेशमा मध्यकालीन डोटी राज्य, भोजरपुरः रणबहादुर वान्तवाराई र दुर्जकुमार राई, वि.सं. २०५६, पृष्ठ १६८-१६९ ।

विभाग र अन्य सम्बन्धित निकायको ध्यान  यसतर्फ जानु अपरिहार्य भइसकेको छ । यसका लागि अब केन्द्रको मुखमात्र ताक्नुभन्दा हाम्रै स्थानीय सरकारले नेतृत्वदायी भूमिका खेल्नुपर्ने देखिन्छ । सही र उचित ढंगले यसको प्रचार-प्रसार गर्नसके यस क्षेत्रमा धार्मिक तथा पुरातत्वसम्बन्धी रुचि राख्ने पर्यटकहरुलाई आकर्षित गर्नसकिने र त्यसबाट यहाँको आर्थिक तथा सामाजिक विकासमा थप सहयोग पुग्नसक्ने प्रवल संम्भावना रहेकोले शैलेश्वरी भगवतीको उत्पत्ति र पूजापरम्पराको शुरुवातसम्बन्धी केही पौराणिक र वैज्ञानिक आधार सहितको विश्लेषणात्मक र जानकारीमूलक संदेशप्रवाह गर्नसके धार्मिक आस्था राख्ने पर्यटक र पुरात्तत्वको अध्ययन, अन्वेषण गर्ने पुरात्तत्वविद्, मानवशास्त्री, समाजशास्त्री, इतिहासविद्जस्ता खोज अनुसन्धानकर्ताहरुको गन्तव्यसमेत बनाउनसकिने प्रबल सम्भावना रहेको छ ।

शैलेश्वरीक्षेत्रमात्र नभएर हाम्रा जति पनि धार्मिक आस्थाका केन्द्रहरु छन् ती सबै कुनै न कुनै रुपमा मानवउत्पत्तिसँग जोडिएर रहेका छन् । हिन्दु धर्मग्रन्थहरुमा यस्ता धार्मिक स्थलहरुको वर्णन अलौकिक र सांकेतिक रुपमा गरिएको पाइन्छ । मानवउत्पत्तिसँग जोडिएका यस्ता स्थानहरुको वैज्ञानिक ढंगबाट पुरातात्विक अन्वेषण र उत्खनन गर्ने हो भने नेपालमा प्राग्ऐतिहासिक कालखण्डका तमाम उपकरणहरु मिल्नसक्ने प्रवल संभावना रहेको छ । त्यसैले अब हामीले हाम्रा यस्ता प्राग्ऐतिहासिक कालखण्डका पुरातात्विक स्रोतका खजाना भेटिनसक्ने  क्षेत्रप्रतिको दृष्टिकोणलाई केही परिवर्तन गर्ने हो कि ? अर्थात् हाम्रा धार्मिक ग्रन्थहरुले गरेको सांकेतिक व्याख्या विश्लेषण अनुसारको पद्धति अपनाई यी क्षेत्रहरुको उत्खनन तथा खोज अनुसन्धानमा जोड दिने हो कि ? यी र यस्तै गम्भीर प्रश्नहरु हाम्रासामु उब्जिएका छन् । युरोपमा आएको पुनर्जागरणकालले त्यहाँको सामाजिक मूल्य, मान्यता तथा आस्था र विश्वासमा आमूल परिवर्तन ल्याइदियो । फलस्वरुप अहिलेको भौतिक विश्वमा उनीहरु हर क्षेत्रमा अगाडि बढेको पाउँछौं । हामी भने अझैसम्म निर्वाचनमा जित्न, परीक्षामा पास हुन, ओहदामा बढुवा पाउन वा यस्तै यस्तै तमाम व्यक्तिगत काममा सफलताभिलाषी बन्नका लागि भाकल गर्ने र आफ्नो स्वार्थको लागि अर्को निर्दोष प्राणीको बली चढाउने संस्कारमै रुमल्लिरहेका छौं । जुन प्रथा र प्रचलनमा वैज्ञानिकता भेटिदैन अर्थात् भेटिए पनि हामी त्यसको मर्म र सार अनुसारको कार्य नगरी आफनो स्वार्थ अनुकूल व्याख्या गरेर त्यस्ता प्रचलन र प्रथा अंगालि राखेका छौ । यसो गर्नु भनेको विश्वसामु आफू र आफ्ना संस्कार तथा प्रचलनहरुलाई उपहासको विषय बनाउनु हो । त्यसैले अब नेपालमा पनि धर्म, आस्था, विश्वास, प्रथा, प्रचलन, संस्कार आदि विषयमा पुनर्जागरण आउनु जरुरी भइसकेको छ ।